# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, माघ १७ गते, २०७८ साल (अतिरिक्ताङ्क २२

## भाग ४

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## <u>सूचना</u>

बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्ले बागमती प्रदेश अन्तर्गतका मन्त्रालय/निकाय/कार्यालयको छाप तथा लेटर प्याडमा एकरुपता कायम

गर्न मिति २०७८।१०।१७ मा देहाय बमोजिमको निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छ।

**देहाय**

१. बागमती प्रदेश अन्तर्गतका मन्त्रालय/निकाय/कार्यालयको लेटर प्याडमा नेपालीमा कालीमाटी फन्ट (Unicode Bold Font) प्रयोग गर्ने, लेटर प्याडको माथिल्लो भागमा लेखिने बागमती प्रदेश सरकारको फन्ट साइज १६, मन्त्रालयको लेटर प्याडको हकमा मन्त्रालयको नामको फन्ट साइज २४, कार्यालयको हकमा तालुक मन्त्रालयको नामको फन्ट साइज १६ र कार्यालयको नामको फन्ट साइज २४ हुने र सो भन्दा तल लेखिने मन्त्रालयको हकमा हेटौंडा, नेपाल र अन्य निकाय/कार्यालयको हकमा सम्बन्धित स्थानको ठेगानाको फन्ट साइज १४ हुने तथा कार्यालयको ठेगाना लेटर प्याडको दायाँ कुनामा लेख्ने, पत्र सङ्ख्या, चलानी नम्बर र मिति ११ फन्ट साइजमा लेख्ने र कार्यालयको फोन नं. एवम् इमेल ठेगाना लेटर प्याडको पुच्छारमा १० फन्ट साइजमा लेख्ने।

२. बागमती प्रदेश अन्तर्गतका मन्त्रालय/निकाय/कार्यालयको लेटर प्याडमा अङ्ग्रेजी Times New Roman (Bold) प्रयोग गर्ने, लेटर प्याडको माथिल्लो भागमा लेखिने Government of Bagamati Province को फन्ट साइज १६, मन्त्रालयको लेटर प्याडको हकमा मन्त्रालयको नामको फन्ट साइज १८ (Uppercase/Capital Letter), कार्यालयको हकमा तालुक मन्त्रालयको नामको फन्ट साइज १६ र कार्यालयको नामको फन्ट साइज १८ हुने र सो भन्दा तल लेखिने मन्त्रालयको हकमा हेटौंडा, नेपाल, र अन्य निकाय/कार्यालयको हकमा सम्बन्धित स्थानको ठेगानाको फन्ट साइज १६ हुने तथा

कार्यालयको ठेगाना लेटर प्याडको दायाँ कुनामा लेख्ने, पत्र सङ्ख्या, चलानी नम्बर र मिति ११ फन्ट साइजमा लेख्ने र कार्यालयको फोन नं. एवम् इमेल ठेगाना लेटर प्याडको पुच्छारमा १० फन्ट साइजमा लेख्ने।

३. अनुसूची-१ बमोजिमको कार्यालयको छापको नमुना हुनेछ।

४. अनुसूची-२ बमोजिमको कार्यालयको नेपाली लेटर प्याडको नमुना हुनेछ।

५. अनुसूची-३ बमोजिमको कार्यालयको अङ्ग्रेजी लेटर प्याडको नमुना हुनेछ।

६. प्रदेश राजपत्र खण्ड ३ मिति २०७६।१०।२८ अतिरिक्ताङ्क ३६ को प्रदेश राजपत्रमा प्रकाशित सूचना खारेज गरिएको छ।

अनुसूची-१

**<u>कार्यालयको छापको नमुना</u>**

**<u>छापको नमुना (नेपाली)</u>**




**<u>छापको नमुना (अङ्ग्रेजी)</u>**



अनुसूची-२

## नेपाली लेटर प्याडको नमुना

बागमती प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः

चलानी नम्बरः

मिति........।....।....

नमुना

फोन नं. ०५७-५२७५१५, ०५७-५२७५१२ र ०५७-५२७५१३, टोल फ्रि नंः १६६०५७५२५१२,

इमेलः moial@bagamati.gov.np, वेवसाइटः https//:www.moial.bagamati.gov.np

अनुसूची-३

**अङ्ग्रेजी लेटर प्याडको नमुना**

**Government of Bagamati Province**

## MINISTRY OF INTERNAL AFFAIRS AND LAW

**Hetauda, Nepal**

Ref. No.: Date........ l .... l ....

SAMPLE

Phone No.: 057-527515, 057-527512 and 057-527513, Toll Free No.: 16605752512,
E-Mail: moial@bagamati.gov.np, Website: https//:www.moial.bagamati.gov.np

**आज्ञाले,**

**रुद्रसिंह तामाङ**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु. ५।-